५. कोभिड-१९ को संक्रमण बढ्दो अवस्थामा रहेको सहकारी संस्था तथा बचत परिचालन गर्ने संस्थाहरुले संक्रमण कायम रहुनजेल बचत संकलन लगायतका काम नगर्न अनुरोध गर्ने। साथै बैंक तथा बित्तिय संस्थामा भिड-भाड नहुने गरी सिमित सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने। बैंक तथा बित्तिय संस्थाहरुले सामाजिक सुरक्षा भत्ता बितरण गर्दा भिड-भाड भई जेष्ठ नागरिक संक्रमण हुन सक्ने अवस्थालाई मध्यनजर राखि उक्त कार्य केही समयको लागि बन्द गर्ने।

६. नेपाल टेलिकम, विद्युत प्राधिकरण, खानेपानी संस्थान जस्ता कार्यालयले अत्यावश्यक सेवा प्रवाह चुस्त रुपमा गर्ने व्यवस्था मिलाउने तर संक्रमण बढ्ने संभावनालाई दृष्टिगत गरि बढी भिडभाड हुने राजश्व काउण्टर केही समयको लागि बन्द गर्ने।

७. गजेन्द्र नारायण सिंह अस्पताल, युनिक अस्पताल र छिन्नमस्ता अस्पतालले आ- आफ्नो परिषरमा शिघ्र अक्सिजन प्लान्ट स्थापना गर्ने व्यवस्था मिलाउने। जिल्लामा अक्सिजन प्लान्ट स्थापना गर्न जरुरी भएको हुँदा सबै स्थानीय तहको समन्वयमा जिल्ला समन्वय समितिको प्रमुखले समन्वय गरी आवश्यक व्यवस्थापन गर्ने।

८. कोभिड-१९ को संक्रमण परिक्षणको लागि यस जिल्लामा VTM र एन्टिजेन किट र रि-एजेन्टको स्टक सकिएको हुँदा तत्काल ५/५ हजार थान उपलब्ध गराई दिन प्रदेश सरकारलाई अनुरोध गर्ने।

९. यस जिल्लाको कंचनरुप नगरपालिकामा संक्रमणको दर बढेको हुँदा उक्त नगरपालिकाको सबै वडाहरु Seal गरेर मानिसको आवत जावतमा नियन्त्रण गर्ने।

आज मिति २०७८।०१।३१ गते प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेलको अध्यक्षतामा जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठक बसी निम्नानुसार निर्णय गरियो-

**बिशेष आमन्त्रित:**

| | |
|---|---|
| १. प्रभाकर यादब | जि.स.स. प्रमुख , जिल्ला समन्वय समिति, सप्तरी |
| २. शम्भु प्रसाद यादब | नगर प्रमुख, राजबिराज नगरपालिका |

**उपस्थिति:**

| | |
|---|---|
| १. प्र.जि.अ. श्री फणिन्द्र मणि पोखरेल | - अध्यक्ष |
| २. प्रमुख सेनानी श्री निरज भण्डारी | - सदस्य |
| ३. प्रहरी उपरीक्षक श्री राजेन्द्र प्रसाद धमला | - सदस्य |
| ४. सशस्त्र प्रहरी उपरीक्षक श्री राजु श्रेष्ठ | - सदस्य |
| ५. उप. अनुसन्धान निर्देशक श्री नरेश बहादुर शाह | - सदस्य |
| ६. नि.प्र.मे.सु. श्री रणजित कुमार झा | - सदस्य |
| ७. नि.प्र. स्वा.कार्यालय श्री दुनियालाल यादब | - सदस्य |
| ८. जि.स.स.अधिकारी श्री उमेश कुमार यादब | - सदस्य |
| ९. स.प्र.जि.अ. श्री नाथु साह जि.प्रशा.का. सप्तरी | - सदस्य सचिव |

**आमन्त्रित:**

| | |
|---|---|
| १. अरुण प्रधान | अध्यक्ष, उद्योग बाणिज्य संघ, राजबिराज |

**निर्णय:**

१. हाल सम्मको कोभिड-१९ संक्रमणको अवस्था बारे जानकारी लिईयो । सबै स्थानीय तहले आइशोलेशन तयार नगरी सकेको हुँदा शिघ्र आइशोलेशन केन्द्र तयार गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने ।

२. यस जिल्लाका सदरमुकाममा निजी संचालनमा रहेको युनिक र छिन्नमस्ता अस्पताललाई कोभिड-१९ संक्रमितको उपचारको लागि प्रयोग गर्दा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख श्री दुनिया लाल यादबले सम्झौता गर्नुभएकोमा, उक्त सम्झौता अनुमोदन गरी समर्थनको लागि प्रदेश स्वास्थ्य निर्देशनालयमा पठाउने ।

३. निजी अस्पतालले उपलब्ध गराएको सेवा तथा ताँहा भर्ना भएका बिरामीको व्यवस्थापन सम्बन्धमा अनुगमन गर्न जिल्ला स्वास्थ्य कार्यालयका प्रमुखको संयोजकत्वमा समिति गठन गर्ने, उक्त समितिमा राजबिराज नगरपालिकाको १ जना र जिल्ला प्रशासन कार्यालयका प्र.अ. श्री किशोर कुमार रामलाई सदस्य तोक्ने ।

४. २०७८ बैसाख २५ गते रात्री १२:०० बजे देखि शुरु भएको निषेधाज्ञा सबै जनताले पालना गर्नु भएकोमा सबैलाई धन्यवाद ब्यक्त गरियो र उक्त निषेधाज्ञाको आदेश अझ व्यवस्थित रुपमा पालना गरिदिन सबैमा अनुरोध गर्ने ।